## खैरहनी नगर कार्यपालिकाको बैठक संख्या १५ (आ.व. २०८२/८३)

आज मिति २०८३/०३/०६ गते शनिबार बिहानको ०७:३० बजे खैरहनी नगरपालिकाका प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरियो ।

### तपसिल

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री शशी कुमार खनिया | |
| २. | उप-प्रमुख | श्री कविता उप्रेती | |
| ३. | सचिव | श्री नेत्रप्रसाद पौडेल | |
| ४. | वडा अध्यक्ष वडा नं. १ | श्री नवराज भुसाल | |
| ५. | वडा अध्यक्ष वडा नं. २ | श्री रोहिणी प्रसाद उप्रेती | |
| ६. | वडा अध्यक्ष वडा नं. ३ | श्री पूर्ण बहादुर गुरुङ | |
| ७. | वडा अध्यक्ष वडा नं. ४ | श्री वेद बहादुर अधिकारी | |
| ८. | वडा अध्यक्ष वडा नं. ५ | श्री छत्रनाथ सुवेदी | |
| ९. | वडा अध्यक्ष वडा नं. ६ | श्री कमल प्रसाद न्यौपाने | |
| १०. | वडा अध्यक्ष वडा नं. ७ | श्री मनेजर महतो | |
| ११. | वडा अध्यक्ष वडा नं. ८ | श्री शंकर कंडेल | |
| १२. | वडा अध्यक्ष वडा नं. ९ | श्री बन्धु राम महतो | |
| १३. | वडा अध्यक्ष वडा नं. १० | श्री चन्द्र बिक्रम चौधरी | |
| १४. | वडा अध्यक्ष वडा नं. ११ | श्री दिपेन्द्र कुमार दराई | |
| १५. | वडा अध्यक्ष वडा नं. १२ | श्री केदार नाथ पन्त | |
| १६. | वडा अध्यक्ष वडा नं. १३ | श्री कुल प्रसाद भुसाल | |
| १७. | कार्यपालिका सदस्य | श्री बुधरमिया चौधरी | |
| १८. | कार्यपालिका सदस्य | श्री गोमा देवी घर्ती | |
| १९. | कार्यपालिका सदस्य | श्री मैया वि.क. | |
| २०. | कार्यपालिका सदस्य | श्री बिक्रमिया चौधरी | |
| २१. | कार्यपालिका सदस्य | श्री आनन्द दराई | |
| २२. | कार्यपालिका सदस्य | श्री विष्णु माया सुनार | |
| २३. | कार्यपालिका सदस्य | श्री दुखिराम दराई | |
| २४. | कार्यपालिका सदस्य | श्री मेनुका परियार | |

Scanned with CamScanner

खैरहनी नगरपालिका, चितवन

नगर कार्यपालिकाको बैठक

मितिः २०८३/०३/०६ गते, विहान ७:३० बजे

बैठक सङ्ख्याः १५ /२०८२-८३

**प्रस्तावहरु**

१. आगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम सम्वन्धमा।

२. आगामी आ.व. २०८३।०८४ को बजेट वक्तव्य सम्बन्धमा।

३. आर्थिक विधेयक, २०८३ सम्बन्धमा।

४. विनियोजन विधेयक, २०८३ सम्वन्धमा।

५. स्थानीय सरकार सञ्चालन सम्बन्धमा।

६. कृषि सम्वन्धी व्यवसायमा राजस्व छूट सम्बन्धमा।

७. नगर शिक्षा योजनाको मस्यौदा सम्बन्धमा।

**निर्णयहरू:**

१. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम माथि छलफल गरी स्वीकृतिको लागि खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

२. बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०८३।०८४ को बजेट वक्तव्य माथि छलफल गरी स्वीकृतिको लागि खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

३. खैरहनी नगरपालिकाको आर्थिक विधेयक, २०८३ माथि छलफल गरी स्वीकृतिको लागि खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

४. खैरहनी नगरपालिकाको विनियोजन विधेयक, २०८३ माथि छलफल गरी स्वीकृतिको लागि खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

५. प्रचलित कानुन अनुसार स्थानीय सरकार सञ्चालन सम्बन्धी तपसिलको नीतिगत निर्णय गर्नेः

क. नगरपालिकाको कार्यसम्पादनलाई व्यवस्थित बनाउन क्रियाशील विभिन्न कार्यपालिकाका समितिहरू (सुशासन तथा क्षमता विकास समिति, पूर्वाधार विकास समिति, वन, वातावरण र विपद् व्यवस्थापन समिति, आर्थिक विकास समिति र सामाजिक विकास समिति) ले तयार गरेको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ख. नगर सभालाई उत्तरदायी र पारदर्शी बनाउन् गठित नगर सभाका समितिहरू (सुशासन समिति, लेखा समिति र विधेयक समिति) को आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदनहरू स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ग. यस नगरपालिकाको हालसम्मको आर्थिक कारोबारमा देखिएका र कानूनबमोजिम नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुहरूलाई आवश्यक प्रक्रिया पूरा गरी नियमित गर्ने र अन्तिम



शशी कुमार सापकोटा
नगर प्रमुख

Scanned with CamScanner

सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा पठाउने सम्वन्धमा सार्वजनिक लेखा समितिमा छलफल भई सिफारिससहित सभामा पेस भएको निर्णलाई स्वीकृत गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

घ. चालु आर्थिक वर्षमा सञ्चालित विभिन्न नगर स्तरीय योजना तथा कार्यक्रमहरूको प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्न गठित नगर स्तरीय योजना अनुगमन समितिले तयार पारेको वार्षिक अनुगमन प्रतिवेदन स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ङ. नगरपालिकाको सार्वजनिक सम्पत्ति,भण्डार र जिन्सी सामानहरूको हिनामिना रोक्न र अभिलेख दुरुस्त राख्न तयार पारिएको जिन्सी निरीक्षण प्रतिवेदन, २०८२ स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

च. आर्थिक वर्ष २०८२/८३ को अवधिमा कार्यपालिका बैठकबाट भएका निर्णयहरू,विषयगत समितिहरू तथा गठन भएका विभिन्न उपसमिति/कार्यदलहरूका कार्य तथा निर्णयहरूलाई अनुमोदन/ स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

छ. आर्थिक वर्ष २०८२/८३ मा तत्काल कार्यसम्पादन गर्नुपर्ने विशेष परिस्थितिका कारण नगर प्रमुख स्तरबाट भएका निर्णयहरूको अनुमोदन तथा स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ज. नगर र वडा स्तरमा स्थापित विभिन्न कोषहरू (विपद् व्यवस्थापन कोष,मर्मत सम्भार कोष, स्थानीय विपद् कोष,आदि) बाट प्रचलित कानुनबमोजिम आवश्यकताका आधारमा भएको खर्चको विवरण अनुमोदन गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

झ. २०८२ सालको भदौ २४ गते नगरपालिका तथा अन्तर्गतका वडा कार्यालयहरू भएको विध्वंश अकल्पनीय तथा कहालीलाग्दो थियो । कार्यालयहरू भग्नावशेषजस्ता थिए भने सबै भौतिक संरचनाहरू ध्वस्त भएर कामनलाग्ने अवस्थामा पुगेका थिए । परिस्थिति अत्यन्त जटिल थियो । तत्काल भौतिक संरचनाहरूको पुनर्निमाण गरी सेवाप्रवाह सञ्चालन गर्नुपर्ने टड्कारो आवश्यकता थियो । हाल ती क्षतिग्रस्त सबै संरचनाहरुको पुनर्निमाण भएको छ । वडा कार्यालयहरू र नगर कार्यपालिकाको कार्यालयबाट सेवाप्रवाह सामान्यरूपमा भएको छ । उक्त प्रयोजनको लागि वडा कार्यालयहरू तथा नगर कार्यपालिकाको कार्यालयबाट भएको पुनर्निमाणको कार्यलाई स्वीकृति तथा अनुमोदन गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ञ. नगरपालिकाको विकास योजना र बजेटलाई आवधिक योजनासँग आबद्ध गर्न आगामी तीन वर्षका लागि तयार पारिएको मध्यकालीन खर्च संरचना (आ.व. २०८३/८४ – २०८५/८६) स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

शशी कुमार खतिया
नगर प्रमुख



Scanned with CamScanner

ट. नगरपालिकाको प्रशासनिक सङ्गठनलाई चुस्त, दुरुस्त र जनमुखी बनाउनुका साथै दरबन्दी पुनरावलोकन गर्न तयार पारिएको यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओ एण्ड एम) प्रतिवेदन, २०८३ स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ठ. आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयनका क्रममा विकास निर्माण र सेवा प्रवाहलाई गति दिन आवश्यकता अनुसार कानूनबमोजिम गरिएको बजेट तथा कार्यक्रमको संशोधन एवं रकमान्तरलाई स्वीकृत गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

ड. खैरहनी नगरपालिकाको विकास प्रयासमा परिपूरक भूमिका निर्वाह गर्न विभिन्न गैरसरकारी संस्थाहरूबाट पेस भएका, आगामी आर्थिक वर्ष २०८३/८४ मा यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गरिने विकास निर्माण, सामाजिक सचेतना, क्षमता विकास तथा लक्षित वर्ग उत्थान सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृति गर्ने प्रयोजनार्थ खैरहनी नगर सभाको १९ औं अधिवेशनमा पेश गर्ने।

६. चितवन जिल्ला, राप्ती नगरपालिका वडा नं. ९ मा दर्ता भई सञ्चालित "सना सेनिसा एण्ड सेनिस पोल्ट्री" (दर्ता नं. १२८७/०७७/०७८) ले कुखुरा पालन व्यवसाय विस्तार गर्ने प्रयोजनार्थ खैरहनी नगरपालिका वडा नं. २ मा जग्गा खरिद गर्न लाग्नु भएको सन्दर्भमा यस खैरहनी नगरपालिका वडा नं. २ (साविक चैनपुर गा.वि.स. वडा नं. ६ क) अन्तर्गत श्रीमती शान्ती अधिकारीको नाममा रहेको कित्ता नं. १२६९, ज.वि. १४८९.९७ व.मि. तथा ऐ.ऐ बस्ने श्री रविन्द्रनाथ अधिकारी र श्रीमती जानुका अधिकारीको संयुक्त नाममा रहेका कित्ता नं. १०११, १०७६, १०७८ र १२६८ (क्षेत्रफल क्रमशः ०-१-५-१/४, ०-१-२, ०-१५-१०-१/४, र २०३.१८ व.मि.) का जग्गाहरू खरिद गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा ५० (पचास) प्रतिशत छुटका लागि बागमती प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूचि १ को (घ) बुदा नं. २ बमोजिम भूमि प्रशासन कार्यालय, खैरहनीमा सिफारिस गर्ने।

७. बैठकमा प्रस्तुत नगर शिक्षा योजना माथि छलफल गरी प्राप्त सुझावहरू अनुसार मस्यौदा परिमार्जन गर्ने र आगामी बैठकमा अन्तिम मस्यौदा पेश गर्न निर्देशन दिने।

शशी कुमार खनिया
नगर प्रमुख



Scanned with CamScanner